# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरू

**आयोगको बैठक संख्याः ७०** **निर्णय मितिः २०७९/०५/०८**

## निर्णय नं.: ६२

## कार्यसम्पादनमा आधारित अनुदान सूचक परिमार्जन सम्बन्धमा

देहाय बमोजिम निर्देशक समिति तथा प्राविधिक उप-समिति गठन गरी समिति तथा उप-समितिलाई तोकिएको कार्यशर्त (TOR) प्रदान गर्न स्वीकृति दिने।

**१. निर्देशक समितिको गठन**

| | | |
|---|---|---|
| १) माननीय सदस्य (सम्बन्धित विषय हेर्ने) | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | संयोजक |
| २) सचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सदस्य |
| ३) सह सचिव | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा | सदस्य |
| ४) सह-सचिव | वित्तीय व्यवस्थापन महाशाखा | सदस्य |
| ५) सह-सचिव | प्राकृतिक स्रोत परिचालन तथा रोयल्टी बाँडफाँड महाशाखा | सदस्य |
| ६) प्रतिनिधि, सहसचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ७) प्रतिनिधि, सहसचिव | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ८) प्रतिनिधि, सहसचिव | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ९) उपसचिव | अनुसन्धान तथा नीति विश्लेषण शाखा | सदस्य-सचिव |

सम्बन्धित विषयको छलफल हुँदा देहायका प्रतिनिधिहरुलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ।

| | |
|---|---|
| (१) प्रतिनिधि, सहसचिव | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय |
| (२) प्रतिनिधि, सहसचिव | वन तथा वातावरण मन्त्रालय |
| (३) प्रतिनिधि, सहसचिव | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| (४) प्रतिनिधि, सहसचिव | अर्थ मन्त्रालय |
| (५) प्रतिनिधि, सहसचिव | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| (६) अध्यक्ष | नेपाल नगरपालिका संघ |
| (७) अध्यक्ष | राष्ट्रिय गाउँपालिका महासंघ |
| (८) प्रदेश सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

**२. समितिको कार्यशर्त** (TOR)

१. प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मुल्याङ्कनका लागि हाल प्रयोगमा रहेका सुचकहरुको पुनरावलोकन गर्ने।

२. हाल प्रयोगमा रहेका सूचकहरुमा मूल्याङ्कनका सन्दर्भमा समयसापेक्ष थपघट गर्नुपर्ने भए सो सम्बन्धी सुझाव पेश गर्ने।

३. नयाँ सुचकहरु थप गर्नुपर्ने भए उपयुक्त, सान्दर्भिक र बस्तुपरक सूचक चयन गरि थप सूचक पेश गर्ने।

४. प्रदेश तथा स्थानीय तहका सुचकहरुको लागि विषय क्षेत्रगत र अन्य उपसमितहरु गठन र परिचालनमा सहजीकरण गर्ने।

५. कार्यसम्पादन सूचकहरुको तथ्याङ्क उपलब्धताको अवस्था र विश्वसनियताका सम्बन्धमा अध्ययन गरी आवश्यक सुझाव पेश गर्ने।

६. सूचकहरुमा परिवर्तन, थपघट र हेरफेर भए अनुरुप हाल प्रयोगमा रहेको प्रदेश तथा स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०७८ लाई परिमार्जन गर्न मस्यौदा तयार गर्ने।

७. सुचकहरुको हालको अंकभार आवश्यकताअनुसार हेरफेर गर्ने र अंकभार वैज्ञानिक र उत्प्रेरित हुने किसिमले निर्धारण गर्ने।

८. देहायका अनुदान बाँडफाँट सम्बन्धमा कार्यसम्पादन मूल्याङ्कन लाई समेत बाँडफाँटको आधार मानी मुल्याङ्कनको व्यवस्था गर्ने सम्बन्धमा के गर्दा उपर्युक्त र प्रभावकारी हुन्छ सो सम्बन्धमा छलफल र सुझाव संकलन गर्ने र  सूचकहरु निर्धारण गरी पेश गर्ने।

(क) संघीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा हुने राजश्व बाँडफाड,

(ख) प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाडँफाट,

(ग) प्रदेशबाट प्रदेश भित्रका स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान,

(घ) प्रदेश विभाज्य कोषबाट प्रदेश भित्रका स्थानीय तहमा हुने सवारी साधन कर बाडँफाट।

९. निर्देशक समितिले आफ्नो कार्यसम्पादन गर्ने क्रममा विभिन्न निकाय र व्यक्तिसँग परामर्श र छलफल गरी राय एवं सुझाव संकलन गर्न सक्नेछ।

१०. उप समितिलाई प्रत्यक्ष/परोक्ष रुपमा कार्यसम्पादनका लागि सहजीकरण तथा आवश्यक निर्देशन दिने।

११. सुचकहरु एवं कार्यविधि आयोगबाट स्वीकृत गराई प्रयोगमा ल्याउने व्यवस्था मिलाउने।

१२. निर्देशक समितिको संयोजक लामो समय बिदामा बसेको अवस्थामा समितिको बैठक बस्न आवश्यक भएमा सचिबले समितिको संयोजक  भई बैठक सञ्चालन गर्न र आवश्यक निर्णय गर्न सक्नेछ।

१३. निर्देशक समितिको बैठक बस्दा नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ।

१४. निर्देशक समितिले कार्य प्रारम्भ गरेको मितिले ६ (छ) महिना भित्र अन्तिम प्रतिवेदन पेश गर्नेछ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

१५. निर्देशक समितिले आफुले गरेको कामको प्रगति प्रतिवेदन प्रत्येक महिना आयोग समक्ष पेश गर्नुपर्नेछ।

१६. निर्देशक समितिले समिति तथा उप- समितिको बैठक भत्ता, खाजा एवं विविध खर्चको लागत अनुमान तयार गरि आयोगबाट स्वीकृत गराउनुपर्नेछ।

**३. प्राविधिक उप-समितिको गठन**

प्राविधिक उप-समितिको गठन व्यवस्था देहाय बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| १) सह-सचिव | नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा | संयोजक |
| २) उप-सचिव | अनुसन्धान तथा नीति विश्लेषण शाखा | सदस्य |
| ३) उप-सचिव | योजना अनुगमन तथा कार्यक्रम शाखा | सदस्य |
| ४) उप-सचिव | तथ्याङ्क विश्लेषण शाखा | सदस्य |
| ५) उप-सचिव | कानून शाखा | सदस्य |
| ६) प्रतिनिधि, उपसचिव | महालेखा नियन्त्रक कार्यालय | सदस्य |
| ७) प्रतिनिधि, उपसचिव | शिक्षा तथा मानव स्रोत तथा विकास केन्द्र | सदस्य |
| ८) प्रतिनिधि, उपसचिव | स्वास्थ्य सेवा विभाग | सदस्य |
| ९) शाखा अधिकृत | अनुसन्धान तथा नीति विश्लेषण शाखा | सदस्य-सचिव |

सम्बन्धित विषयको छलफल हुँदा देहायका प्रतिनिधिहरुलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ।

| | |
|---|---|
| (१) प्रतिनिधि, उपसचिव | सडक विभाग |
| (२) प्रतिनिधि, उपसचिव | वन तथा वातावरण मन्त्रालय |
| (३) प्रतिनिधि, उपसचिव | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| (४) प्रतिनिधि, उपसचिव | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |

**४. कार्यशर्त** (TOR)

१. हाल कायम रहेका सूचकहरुमध्ये कायम राख्न उपयुक्त सुचकहरु पहिचान गरी निर्देशक समिति समक्ष सिफारिस गर्ने।

२. वर्तमान सूचकहरुमध्ये हटाउन उपयुक्त देखिएका सुचकलाई हटाउन निर्देशक समिति समक्ष सिफारिस गर्ने।

३. प्रदेश तथा स्थानीय तहबाट कार्यसम्पादन हुने अन्य प्रासंगिक र कार्यसम्पादन मापन गर्न सकिने, वैज्ञानिक र वस्तुपरक नयाँ सुचकहरुको पहिचान गरी निर्देशक समिति समक्ष सिफारिस गर्ने।

४. प्रदेश सरकार र स्थानीय तहले उपलब्ध गराउने तथ्याङ्क बारे सरोकारवालासँग छलफल गरी राय परामर्श प्राप्त गर्ने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

५. निर्देशक समितिले निर्देशन गरेका विषय तथा सुझावहरु कार्यान्वयन गर्ने।

६. परिमार्जित सूचक तयार गरि सोको मूल्याङ्कन प्रक्रिया तथा विधि सम्बन्धमा निर्देशक समिति लाई सुझाव पेश गर्ने।

७. संघीय सरकारबाट हुने राजश्व बाँडफाँड, प्रदेश सरकारबाट हुने सवारी साधन कर बाँडफाँट, प्रदेशबाट स्थानीय तहलाई हुने वित्तीय समानीकरण अनुदानको बाँडफाँड र प्रकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँट सम्बन्धमा कार्यसम्पादन मुल्याङ्कन वापत अनुदान दिने व्यवस्था सम्बन्धमा के गर्दा उपयुक्त र प्रभावकारी हुन्छ सो सम्बन्धी सुझाव निर्देशक समिति समक्ष पेश गर्ने।

८. सूचक हेरफेर भए पश्चात् हाल प्रयोगमा रहेको कार्यविधि परिमार्जन एवं पुनर्लेखन गरि सोको प्रारम्भिक मस्यौदा निर्देशक समिति समक्ष पेश गर्ने।

९. समितिले आफ्नो कार्यसम्पादन गर्ने क्रममा विभिन्न निकायसँग परामर्श र छलफल गरी राय एवं सुझाव संकलन गर्न सक्नेछ।

१०. प्रदेश तथा स्थानिय तहमा कार्यसम्पादन सूचकको सम्बन्धमा आवश्यकतानुसार स्थलगत भ्रमण गर्न सक्ने।

११. समितिको बैठकमा विभिन्न क्षेत्रबाट आवश्यकताअनुसार विज्ञहरु आमन्त्रण गर्न सकिनेछ।

१२. समितिको बैठक बस्दा नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ।

**५. समिति तथा उप-समितिको बैठक भत्ता तथा विविध खर्च वापत लाग्ने अनुमानित लागत**

| सि.नं. | विषय | सहभागी संख्या | बैठक संख्या | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | समितिको बैठक भत्ता | १३ | ६ | २५०० | १६२५०० | |
| २. | उप-समितिको बैठक भत्ता | १२ | १० | १५०० | १८०००० | |
| ३. | खाजा खर्च | ३५ | १६ | ३०० | १६८००० | |
| ४. | विविध खर्च (मसलन्द तथा अन्य) | - | - | - | ५०००० | |
| | **जम्मा** | | | | ५६०५०० | |

*स्थलगत भ्रमण गर्नुपरेमा आयोगको नियमित बजेट बाट नै खर्च गर्न सकिने।

**६. बजेट व्यवस्थापन**

कार्यसम्पादन गर्न लाग्ने बजेट रकम आयोगको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरि व्यवस्थापन गरिनेछ। आवश्यक बजेट अर्थ मन्त्रालयसँग माग गरी वा चालु आ.व.मा स्वीकृत कुनै कार्यक्रममा रकम बचत हुने भएमा सो बचत रकम रकमान्तर गरि कार्य सम्पादन गरिनेछ।

## निर्णय नं.: ६३
## सवारी साधन कर सूचक र भार परिमार्जन सम्बन्धमा

१. सवारी साधन कर संकलनको उद्देश्य सवारी साधनको सहज आवागनको लागि आवश्यक सडक पूर्वाधारको विस्तार तथा मर्मत सम्भार गर्नुको साथै सवारी साधनको प्रयोगवाट उत्पन्न हुन सक्ने सम्भाव्य नकारात्मक असर तथा प्रभावलाई न्यूनीकरण गर्न आवश्यक नियन्त्रणात्मक उपायहरु अपनाउन आवश्यक स्रोतको

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

व्यवस्थापन गर्नु समेत रहेको हुदाँ सडकको पहुँच नभएका स्थानीय तहमा समेत सडक पूर्वाधारको विस्तार गर्न थप स्रोतको आवश्यक पर्ने हुन्छ। सडकको पहुँच नभएका तर ठुलो क्षेत्रफल भएका स्थानीय तहको सडक पूर्वाधारको विस्तारको आवश्यकतालाई सम्वोधन गर्नको लागि स्थानीय तहको उपलव्ध तथ्याङ्कको आधारमा सवारी साधन कर बाँडफाँडको आधार र ढाँचामा स्थानीय तहको क्षेत्रफल (भूगोल) लाई सूचकको रुपमा समावेश गर्न उपयुक्त देखिएकोले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. बमोजिम आर्थिक वर्ष २०८१/०८२ का लागि प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई स्थानीय सरकार बीच बाँडफाँटको सिफारिस गर्न देहायको आधार र ढाँचा निर्धारण गर्ने।

| क्र.सं. | सूचक (आधार) | भार प्रतिशत (ढाँचा) |
|---|---|---|
| १. | जनसङ्ख्या | ४०% |
| २. | सडकको लम्बाइ | ४०% |
| ३. | वन / पर्यावरण | १०% |
| ४. | क्षेत्रफल | १०% |
| | **जम्मा** | **१००%** |

२. वन / पर्यावरण सूचकका सम्बन्धमा महालेखा नियन्त्रक कार्यालय तथा अन्य सरोकारवाला निकायहरूसँग छलफल गरी मूल्याङ्कनका आधार तय गर्ने।

## निर्णय नं.: ६४

## US Aid सहयोग सम्बन्धमा

१. US Aid अन्तर्गत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग सम्बन्धित विषयमा यस अघि भएका काम कारबाही, क्रियाकलाप, बजेट र खर्चको विवरण सहितको प्रतिवेदन अर्थ मन्त्रालयसँग माग गर्ने।

२. आयोगबाट स्वीकृत प्रथम रणनीतिक योजना (आ.व.०७९/८०-०८३/८४) ले पहिचान गरेका मुख्य क्रियाकलापहरू, आयोगले गर्नैपर्ने तर वार्षिक कार्यक्रम र बजेटभित्र नपरेका कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा सहयोगका कार्यक्रमसँग आवद्ध गर्ने।

३. US Aid सहयोग मार्फत सञ्चालन हुने कार्यक्रमहरूको नेतृत्व आयोगको सचिवालयमार्फत हुनुपर्ने, Steering Committee मा सचिवालयको नेतृत्व हुनुपर्ने, सहयोगमा सञ्चालित क्रियाकलापहरूको प्रगति विवरण आवश्यकता अनुसार आयोग समक्ष जानकारी गराउने।

## निर्णय नं.: ६५

## माननीय सदस्य श्री अमरराज मिश्रको विदेश भ्रमण सम्बन्धमा

१. आयोगका माननीय सदस्य श्री अमर राज मिश्रको विदेश भ्रमणको स्वीकृतिका लागि नेपाल सरकार (म.प.) मा स्वीकृतिको लागि प्रस्ताव पठाउन आयोगको सम्पर्क मन्त्रालय अर्थ मन्त्रालयलाई अनुरोध गरी पठाउने।

२. माननीय सदस्य श्री अमरराज मिश्रलाई कार्यक्रममा भाग लिन जाने विषयमा आवश्यक पर्ने थप बजेट माग गर्न अर्थ मन्त्रालयमा लेखी पठाउने।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग